# CDS and Clearing Limited

**Paperless Technology**

NEPALI VERSION-2070



# धितोपत्र बजारका लगानीकर्ताले कारोबार राफसाफ तथा फछ्र्यौट बारे जान्नुपर्ने कुराहरू

www.cdscnp.com

# धितोपत्र बजारका लगानीकर्ताले कारोबार राफसाफ तथा फछ्र्यौट बारे जान्नुपर्ने कुराहरू

# धितोपत्र बजारका लगानीकर्ताले कारोबार राफसाफ तथा फछ्र्यौट बारे जान्नुपर्ने कुराहरू

पहिलो संस्करण
२०७०

प्रकाशक:
सिडिएस एण्ड क्लियरिङ्ग लि.

फोन नं. +९७७ १ ४१०१५९३
फ्याक्स नं. +९७७ १ ४१०१५९७
ई-मेल: info@cdscnp.com
वेभ-साईट: www.cdscnp.com



# विषय सूची


| विषय | पेज. नं. |
|---|---|
| क. सामान्य जानकारी | १ |
| ख. राफसाफ तथा फछ्र्यौट प्रणाली | ६ |
| ग. कर तथा शुल्क | १३ |
| घ. डिफल्ट | १६ |
| ङ. जोखिम व्यवस्थापन | १८ |

**अनुसूची**

- लगानीकर्ताले गर्न हुने र नहुने कुराहरू
- List Of Brokers
- International Relations

# क्लिक एक, सेवा अनेक

१. अभौतिकीकरण

२. पुनः भौतिकीकरण

३. कारोबारको राफसाफ तथा फछ्र्यौंट

४. धितोपत्रको धितो बन्धकी

५. हितग्राहीको अद्यावधिक विवरण

६. प्राथमिक निष्काशन तथा संस्थागत
   गतिविधिको विद्युतीय बाँडफाँड



# क. सामान्य जानकारी

**१. नेपालको पूँजी बजारमा महत्वपूर्ण भूमिका भएका संस्थाहरू कुन कुन हुन् ?**

नेपालको पूँजी बजारमा महत्वपूर्ण भूमिका भएका संस्थाहरू निम्नानुसार छन् :-

(क) नियामक निकाय
(ख) धितोपत्र बजार
(ग) केन्द्रीय निक्षेप सेवा
(घ) राफसाफ गृह
(ङ) राफसाफ बैंक
(च) सदस्य दलाल
(छ) राफसाफ सदस्य
(ज) धितोपत्र व्यापार
(झ) निष्काशन तथा बिक्री प्रबन्धक
(ञ) लगानी व्यवस्थापन
(ट) लगानी परामर्श सेवा
(ठ) सामूहिक लगानी कोष व्यवस्थापन
(ड) क्रेडिट रेटिङ्ग एजेन्सी

**२. डिपोजिटरी भनेको के हो ?**

डिपोजिटरी भन्नाले धितोपत्र बजारमा सूचीकृत भएका तथा विद्युतीय माध्यममा निक्षेप गर्न मिल्ने, वितरण वा बाँडफाँड भएका धितोपत्र वा उपकरणहरू सम्बन्धित धितोपत्रधनीहरूबाट आफ्नो जिम्मा लिई धितोपत्रधनीहरूको धितोपत्र सम्बन्धी हितग्राही खाता खोल्ने तथा धितोपत्र

वा उपकरणहरूको नामसारी वा खातामा अभिलेख राख्ने कम्पनी हो ।

**३. सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि) कस्तो कम्पनी हो ?**

सिडिएससि २०६७ साल पौष ७ गते धितोपत्रहरूको अभौतिकीकरण तथा धितोपत्र कारोबारहरूको राफसाफ तथा फछ्र्यौट सेवा उपलब्ध गराउने उद्देश्यले स्थापना भएको नेपालको एक मात्र डिपोजिटरी कम्पनी हो । नेपाल स्टक एक्सचेन्ज लि. (नेप्से) को पूर्ण स्वामित्व भएको यस कम्पनीको अधिकृत पूँजी रू. ५० करोड र जारी पूँजी रू. ३० करोड रहेको छ ।

**४. सिडिएससि कुन ऐन अन्तर्गत स्थापना भई कुन ऐनको अधिनमा रही कार्य गर्छ ?**

सिडिएससि कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापना भई धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को अधिनमा रही कार्य गर्छ ।

**५. कस्तो धितोपत्रहरूलाई सिडिएससिमा निक्षेप गर्न सक्छ ?**

नेपाल धितोपत्र बोर्डमा दर्ता भएका संगठित संस्थाले जारी गरेका धितोपत्रहरू सिडिएससिमा निक्षेप गर्न सक्छ ।

**६. कस्तो धितोपत्रहरूलाई सिडिएससिमा राफसाफ गर्न सक्छ ?**

धितोपत्र बजारमा कारोबार भई सिडिएससिमा अभौतिकीकरण गरिएका संगठित संस्थाका धितोपत्रहरू सिडिएससिमा राफसाफ गर्न सक्छ ।

**७. भौतिक रूपमा रहेका धितोपत्रहरू अभौतिकीकरण गरे पश्चात् कसको जिम्मा रहन्छ ?**

भौतिक रूपमा रहेका धितोपत्रहरू अभौतिकीकरण गरे पश्चात् रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि वा निष्काशनकर्ताको जिम्मा रहन्छ ।

**८. बिक्रीकर्ताको अभौतिकीकरण गरिएको धितोपत्र खरिद गर्दा खरिदकर्ताले कुन रूपमा प्राप्त गर्नु पर्छ ?**

बिक्रीकर्ताका अभौतिकीकरण गरिएको धितोपत्र खरिद गर्दा खरिदकर्ताले अभौतिक रूपमा नै प्राप्त गर्नुपर्छ । खरिदकर्ताको डिम्याट् खाता नभएको अवस्थामा खाता खोल्नु अनिवार्य छ ।

**९. दर्ता किताब बन्द भनेको के हो ?**

कम्पनी ऐन, २०६३ को दफा ४६ अनुसार खडा गरिएको दर्ता किताब अद्यावधिक गर्न खाता बन्द गर्ने कार्यलाई दर्ता किताब बन्द भनिन्छ । यस्तो दर्ता किताब १ (एक) वर्षमा ४५ (पैंतालीस) दिन नबढाई एक पटकमा बढीमा ३० (तीस) दिन सम्म दर्ता किताब निरीक्षण बन्द गर्न सक्नेछ ।

**१०. दर्ता किताब बन्द गर्नुको उद्देश्य के हो ?**

लगानीकर्ताले दोस्रो बजारमा खरिद गरेको धितोपत्रलाई कम्पनीको शेयरधनी दर्ता किताबमा आफ्नो नाम अद्यावधिक गरी कम्पनीले प्रदान गरिएको लाभांश, बोनस शेयर, हकप्रद शेयरको हक कायम गर्न दिएको समयावधिलाई दर्ता किताब बन्द भनिन्छ । कम्पनीको शेयरधनी दर्ता किताबमा अद्यावधिक भएका शेयरधनीले कम्पनीले प्रदान गरेको संस्थागत लाभ प्राप्त गर्नु यसको उद्देश्य हो ।

**११. Rolling Settlement भनेको के हो ?**

धितोपत्र बजारमा भएको कारोबारको राफसाफ तथा फछ्र्यौट T+3 भित्र हुन्छ । जस्तैः आईतबार भएको कारोबारको फछ्र्यौट बुधबार सम्म हुन्छ र सोमबार भएको कारोबारको फछ्र्यौट बिहीबार सम्म हुन्छ । यसरी हरेक कारोबारको फछ्र्यौट अघिल्लो कारोबारको फछ्र्यौट लगत्तै हुन्छ । कारोबारको यस्तो फछ्र्यौट प्रक्रिया नै Rolling Settlement हो ।

**१२. पूँजी बजार अन्तर्गत प्राथमिक तथा दोस्रो बजारमा हुने कारोबारको पद्धति कस्तो छ ?**

पूँजी बजार अन्तर्गत प्राथमिक तथा दोस्रो बजारमा हुने कारोबारको पद्दति देहाय बमोजिमको छ :



**१३. केन्द्रीय निक्षेप प्रणालीमा निक्षेप गरिएका धितोपत्रहरू कारोबार गर्ने प्रकृया कस्तो छ ?**

केन्द्रीय निक्षेप प्रणालीमा निक्षेप गरिएका धितोपत्रहरू कारोबार गर्ने प्रक्रिया देहाय बमोजिम छ :




**१४. Delivery vs Payment (DVP) भनेको के हो ?**

धितोपत्र तथा रकमको हस्तान्तरण गरिने प्रविधि DVP हो । जसमा धितोपत्र कारोबार बापत हितग्राहीले दिनुपर्ने रकम तथा पाउनु पर्ने धितोपत्रको यकिन गरी रकम र धितोपत्र एकै पटक सम्बन्धित हितग्राहीहरूको खातामा पठाईन्छ । यो जोखिम व्यवस्थापनको लागि उपयुक्त पद्धति हो ।

# ख. राफसाफ तथा फछ्र्यौट प्रणाली

**१५. राफसाफ तथा फछ्र्यौट प्रणाली भनेको के हो ?**

राफसाफ तथा फछ्र्यौट प्रणाली भनेको धितोपत्र कारोबारमा संलग्न विभिन्न पक्षहरूले दिनुपर्ने तथा लिनुपर्ने दायित्व पहिचान गरी रकम तथा धितोपत्रको स्वामित्व हस्तान्तरण गर्ने प्रक्रिया हो ।

**१६. राफसाफ (Clearing) भनेको के हो ?**

राफसाफ भनेको धितोपत्र बजारमा कारोबार सम्पन्न भए पश्चात् खरिदकर्ताले बुझाउनु पर्ने रकम तथा बिक्रीकर्ताले बुझाउनु पर्ने धितोपत्रको पहिचान गर्ने कार्य हो । यो शब्दले कारोबार भए देखि धितोपत्र कारोबारको फछ्र्यौट सम्म हुने सम्पूर्ण प्रक्रियालाई जनाउँछ ।

**१७. फछ्र्यौट (Settlement) भनेको के हो ?**

फछ्र्यौट भनेको धितोपत्र खरिदकर्ता र बिक्रीकर्ता सदस्य बीच कारोबर सम्पन्न भई धितोपत्र तथा रकम लेनदेन हुने कार्य हो ।




**१८. राफसाफ तथा फछ्र्यौट प्रणालीका उद्देश्यहरू के के हुन् ?**

राफसाफ तथा फछ्र्यौट प्रणालीका उद्देश्यहरू निम्नानुसार छन्:

- सदस्य दलालले धितोपत्र कारोबार गर्दा धितोपत्र तथा रकम हस्तान्तरण गर्ने क्रममा हुन सक्ने सम्भावित जोखिमहरूलाई न्युनिकरण गर्ने ।
- धितोपत्र बजारले तोकेको फछ्र्यौट समयमा धितोपत्र तथा रकमको

हस्तान्तरण गर्ने ।

- पूँजी बजारमा तरलताको वृद्धि गर्ने ।

**१९. खरिदकर्ता को हुन् ?**

खरिदकर्ता धितोपत्रको खरिद कारोबारका लागि आदेश दिने ग्राहक वा निजको तर्फबाट कारोबार गर्ने राफसाफ सदस्य हुन् ।

**२०. बिक्रीकर्ता को हुन् ?**

बिक्रीकर्ता धितोपत्रको बिक्री कारोबारका लागि आदेश दिने ग्राहक वा निजको तर्फबाट कारोबार गर्ने राफसाफ सदस्य हुन् ।

**२१. ग्राहक को हुन् ?**

ग्राहक धितोपत्रको खरिद बिक्री कारोबार गरी राफसाफ तथा फछ्र्यौट गर्न निर्देशन दिने व्यक्ति हुन् ।

**२२. राफसाफ गृह (Clearing House/CH) भनेको के हो?**

राफसाफ गृह सदस्यहरूको साझा प्रतिनिधि हो । राफसाफ गृहले सदस्यहरू बीच राफसाफ गर्ने, धितोपत्रहरू प्राप्त गर्ने, हस्तान्तरण गर्ने र सदस्यहरू बीच कुनै कारोबारको सम्बन्धमा दिनु वा लिनु पर्ने रकम प्राप्त गर्ने वा भुक्तानी दिने कार्य गर्छ ।

**२३. राफसाफ सदस्य (Clearing Member/CM) को हुन् ?**

राफसाफ सदस्य भन्नाले सिडिएससिले राफसाफ तथा फछ्र्यौट कारोबार गराउनका लागि अनुमति दिएको सदस्य हुन् ।

**२४. राफसाफ बैंक (Clearing Bank/CB) भनेको के हो ?**

राफसाफ बैंक भन्नाले धितोपत्र कारोबारको रकमको राफसाफ तथा

फछ्र्यौट गर्न सिडिएससिले नियुक्त गरेको बैंक हो । राफसाफ सदस्यले राफसाफ बैंकमा राफसाफ खाता खोल्नु अनिवार्य छ ।

**२५. फछ्र्यौट चक्र भनेको के हो ?**

फछ्र्यौट चक्र भनेको धितोपत्रको राफसाफ तथा फछ्र्यौट कार्य कारोबार भएको दिन बाहेक तीन कार्य दिन (T+3) भित्रको समयावधि हो । फछ्र्यौट चक्र भित्र निम्न चरणबद्ध कार्यहरू हुने गर्छ:

- पहिलो चरण: कारोबार गरेको दिन ।
- दोस्रो चरण: कारोबार गरेको भोलिपल्ट आ–आफ्ना ग्राहकहरूका लागि खरिद गरिएको धितोपत्र बापत खरिदकर्ता सदस्य दलालले बुझाउनुपर्ने रकम बुझाउने ।
- तेस्रो चरण: बिक्रीकर्ता सदस्य दलालले नामसारीका लागि आवश्यक धितोपत्र पेश गर्ने ।
- चौथो चरण: बिक्रीकर्ताले रकम प्राप्त गर्ने र खरिदकर्ताले धितोपत्र प्राप्त गर्ने ।

**२६. CM पूल एकाउन्ट भनेको के हो ?**

CM पूल एकाउन्ट भनेको राफसाफ सदस्यले धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट कार्यको लागि निक्षेप सदस्यमा खोलेको विद्युतीय खाता (डिम्याट् एकाउन्ट) हो ।

**२७. CH पूल एकाउन्ट भनेको के हो ?**

CH पूल एकाउन्ट भनेको राफसाफ गृहको खाता हो । एउटा फछ्र्यौट परिचय नम्बरमा कारोबार भएका सम्पूर्ण धितोपत्रहरू Pay-in को बेला CM पूल एकाउन्टबाट CH पूल एकाउन्टमा हस्तान्तरण हुन्छ भने Pay-out को बेला CH पूल एकाउन्टमा रहेका धितोपत्रहरू CM पूल एकाउन्टमा हस्तान्तरण हुन्छ ।

**२८. फछ्र्यौट परिचय नम्बर (Settlement ID) भनेको के हो ?**

धितोपत्र बजारमा हरेक दिन हुने कारोबारको राफसाफ तथा फछ्र्यौट गराउनको लागि सिडिएससिले प्रत्येक दिनको कारोबारलाई १३ पृथक अंकको परिचय नम्बरले सम्बोधन गर्छ । उक्त पृथक परिचय नम्बर नै फछ्र्यौट परिचय नम्बर हो । प्रत्येक राफसाफ सदस्यले आफ्नो पूल एकाउन्टमा धितोपत्र जम्मा गराउँदा तथा पूल एकाउन्टबाट हितग्राहीको खातामा पठाउँदा उक्त फछ्र्यौट परिचय नम्बर उल्लेख गर्नुपर्छ ।

**२९. Pay-in भनेको के हो ?**

खरिदकर्ता तथा बिक्रीकर्ताले बुझाउनु पर्ने रकम तथा धितोपत्रहरूको गणना गरी CM ले सिडिएससिको पूल एकाउन्टमा जम्मा गर्ने प्रक्रिया नै Pay-in हो ।

**३०. Pay-out भनेको के हो ?**

सिडिएससिले आफ्नो पूल एकाउन्टमा जम्मा भएका रकम तथा धितोपत्रहरू बिक्रीकर्ता तथा खरिदकर्ताको पूल एकाउन्टमा जम्मा गर्ने प्रक्रिया नै Pay-out हो ।

**३१. नेप्सेको कारोबार पद्दतिसँग सिडिएससिको राफसाफ तथा फछ्र्यौट पद्धति कसरी आबद्ध भएको छ ?**

नेप्सेको कारोबार पद्दतिसँग सिडिएससिको राफसाफ तथा फछ्र्यौट पद्दतिलाई आबद्ध गराउनका लागि सिडिएससिमा एउटा API (Application Program Interface) को विकास गरिएको छ । उक्त API को माध्यमबाट नेप्सेमा हुने हरेक दिनको कारोबारको विवरण (Trade File) प्राप्त गरी सिडिएससिको राफसाफ तथा फछ्र्यौट प्रणालीमा प्रविष्टी गरिन्छ । उक्त कारोबार विवरणको आधारमा नै सम्पूर्ण कारोबारको राफसाफ तथा फछ्र्यौट गरिन्छ ।

**३२. धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट कसरी हुन्छ ?**

धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट तोकिएको निम्न पद्दति अनुसार हुन्छ :

(क) भौतिक रूपमा रहेको धितोपत्रको राफसाफ तथा फछ्र्यौट ट्रेड टु ट्रेडको आधारमा ।

(ख) अभौतिकीकरण गरिएको धितोपत्रको राफसाफ तथा फछ्र्यौट ट्रेड टु ट्रेडको आधारमा ।

**३३. भौतिक धितोपत्रको राफसाफ तथा फछ्र्यौट प्रक्रिया कसरी हुन्छ?**

भौतिक धितोपत्रको राफसाफ तथा फछ्र्यौट प्रक्रिया देहाय बमोजिम हुन्छः



## ३४. अभौतिकीकरण गरिएका धितोपत्रको राफसाफ तथा फछ्र्यौट प्रक्रिया कसरी हुन्छ?

अभौतिकीकरण गरिएका धितोपत्रको राफसाफ तथा फछ्र्यौट प्रक्रिया देहाय बमोजिम हुन्छः

(क) रकमको Pay-in/Pay-out




(ख) धितोपत्रको Pay-in/Pay-out



**३५. सिडिएससिले राफसाफ तथा फछ्र्यौट सेवाका लागि कुन सफ्टवेयर प्रयोग गरेको छ ?**

सिडिएससिले राफसाफ तथा फछ्र्यौटका लागि Clearing and Settlement (CNS) सफ्टवेयर प्रयोग गरेको छ । उक्त सफ्टवेयर वेभ प्रणालीमा आधारित (Web Based) सफ्टवेयर हो । जसलाई सिडिएससिको परामर्शदाता कम्पनी भारतको Central Depository Services (India) Limited को परामर्शमा CMC Limited (मुम्बई) ले तयार पारेको हो । सो सफ्टवेयर चार मुख्य निकाय नेप्से, राफसाफ सदस्य, राफसाफ बैंक र राफसाफ गृहसँग सम्बन्धित छ ।

# ग. कर तथा शुल्क

**३६. पूँजीगत लाभकर भनेको के हो ?**

नेप्सेमा सूचीकरण गरिएका धितोपत्रहरूको निसर्गबाट प्राप्त लाभमा कट्टा गरिएको कर पूँजीगत लाभकर हो । हालको नेपाल सरकारको प्रावधान अनुसार संस्थागत लगानीकर्ताहरूलाई १०% र व्यक्तिगत लगानीकर्ताहरूलाई ५% पूँजीगत लाभकर तोकिएको छ ।

**३७. पूँजीगत लाभको निर्धारण कसरी गरिन्छ ?**

पूँजीगत लाभको निर्धारण देहायको सूत्र बमोजिम गरिन्छ :

पूँजीगत लाभ = (बिक्रीबाट प्राप्त रकम - बिक्री लागत) - (खरिद बापत भुक्तानी रकम + खरिद लागत)

**३८. पूँजीगत लाभकर निर्धारण गर्दा कस्ता शुल्कहरू समायोजन गरिएका हुन्छन् ?**

पूँजीगत लाभकर निर्धारण गर्दा देहाय बमोजिमका शुल्कहरू समायोजन गरिएका हुन्छनः

(क) बोर्ड कमिशन शुल्क,

(ख) निक्षेप सदस्य शुल्क,

(ग) दलाली शुल्क ।

**३९. निक्षेप सदस्य (डिपि) शुल्क कस्तो शुल्क हो ?**

निक्षेप सदस्यले डिम्याट् खातामा रहेको धितोपत्र अर्को डिम्याट् खातामा

हस्तान्तरण गर्दा लिने दस्तुर नै डिपि शुल्क हो । धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ बमोजिम डिपि शुल्क हरेक हस्तान्तरणमा रू.२५ लिने व्यवस्था छ ।

**४०. पूँजीगत लाभकरको गणना गर्दा खरिद तथा बिक्री लागतमा डिपि शुल्क कसरी समायोजन गरिन्छ ?**

पूँजीगत लाभकरको गणनामा डिपि शुल्क देहाय बमोजिम समायोजन गरिन्छ:

मानौं, A भन्ने लगानीकर्ताले XYZ कम्पनीको शेयर एक दिन भरिमा पटक पटक गरी कारोबार T1 मा १००, कारोबार T2 मा २००, र कारोबार T3 मा २०० गरी जम्मा ५०० कित्ता खरिद गरे । सो शेयर आफ्नो खातामा एकै पटकमा निक्षेप गराउँदा जम्मा डिपि शुल्क रू.२५ तिरे । सो डिपि शुल्क रू.२५ लाई जम्मा खरिद शेयर संख्या ५०० कित्ताले भाग गरी हरेक कारोबारको शेयर संख्याले गुणन गर्दा हुन आउने शुल्कलाई उक्त कारोबारको खरिद लागतमा समायोजन गरिन्छ ।

उदाहरणको लागि सम्पूर्ण कारोबारमा ५०० कित्ता शेयर खरिद गर्दा खरिद मुल्यमा डिपि शुल्क निम्नानुसार समायोजन गरिन्छ:

जम्मा डिपि शुल्क = रू.२५

जम्मा खरिद शेयर संख्या = ५०० कित्ता

$$\text{समायोजन हुने डिपि शुल्क} = \frac{२५}{५००} \times ५०० = \text{रू.२५}$$

५०० कित्ता नै बिक्री गर्दा खरिद मुल्यमा:

$$\text{डिपि शुल्क} = \frac{२५}{५००} \times ५०० = \text{रू.२५ समायोजन गरिन्छ ।}$$

उदाहरणका लागि कारोबार T1 मा १०० कित्ता शेयर खरिद गर्दा खरिद

मुल्यमा डिपि शुल्क निम्नानुसार समायोजन गरिन्छ :

जम्मा डिपि शुल्क = रू.२५

जम्मा खरिद शेयर संख्या = ५०० कित्ता

कारोबार T1 को खरिद शेयर संख्या = १०० कित्ता

कारोबार T1 मा समायोजन हुने डिपि शुल्क = $\frac{२५}{५००}$ X १०० = रू.५

यसैगरी कारोबार T1 को १०० कित्ता बिक्री गर्दा खरिद मुल्यमा डिपि शुल्क रू.५ समायोजन गरिन्छ भने T1 को १०० मध्ये ५० कित्ता मात्र

बिक्री गर्दा खरिद मुल्यमा डिपि शुल्क = $\frac{५}{१००}$ X ५० = रू.२.५० समायोजन गरिन्छ ।

# घ. डिफल्ट

**४१. राफसाफ तथा फछ्र्यौट कार्य तोकिएको समयमा सम्पन्न नगरेमा के हुन्छ ?**
राफसाफ तथा फछ्र्यौट कार्य तोकिएको समयमा सम्पन्न नगरेमा बजारको आवश्यकता एवं प्रकृति हेरी सिडिएससिले क्लोज आउट गर्नेछ ।

**४२. क्लोज आउट (Close Out) भनेको के हो ?**
क्लोज आउट भन्नाले खरिदकर्ता र बिक्रीकर्ताले बुझाउनु पर्ने रकम तथा धितोपत्र फछ्र्यौट अवधि भित्र हस्तान्तरण नगरेमा सो बापत लिनु/दिनु पर्ने रकम तथा धितोपत्र हिसाब मिलान गर्ने कार्य हो ।

**४३. आंशिक क्लोज आउट भनेको के हो ?**
ग्राहकको खाताबाट धितोपत्र बिक्री गर्दा बिक्री गरेको परिमाण भन्दा कम संख्यामा धितोपत्र उपलब्ध भएमा सो बराबरको धितोपत्र राफसाफ तथा फछर्यौट गरी नपुग संख्या बराबरको धितोपत्र क्लोज आउट गर्नु पर्छ । यसरी क्लोज आउट गर्दा लाग्ने सम्पूर्ण खर्च व्यहोर्ने दायित्व राफसाफ सदस्यको हो । क्लोज आउट गर्दा राफसाफ सदस्यले क्लोज आउट भएको कारोबार मुल्यको २० प्रतिशत रकम थप गरी बुझाउनु पर्छ ।

**४४. Short Sale भनेको के हो ?**
आफूसँग उपलब्ध नभएको धितोपत्र बिक्री गर्ने कार्यलाई Short Sale

भनिन्छ । यस्तो कारोबार अवैधानिक हुन्छ ।

**४५. बिक्रीकर्ताले खातामा धितोपत्रको मौज्दात नभई कारोबार गरेमा के हुन्छ ?**

बिक्रीकर्ताले खातामा धितोपत्रको मौज्दात नभई कारोबार गर्नु हुँदैन । यस्तो कारोबारको राफसाफ तथा फछ्र्यौट कार्य राफसाफ सदस्यले पनि गर्नु हुँदैन । यदि राफसाफ प्रक्रिया अगाडि बढाएमा सिडिएससिले त्यस्तो राफसाफ सदस्यलाई कारवाही गर्न सक्छ ।

**४६. राफसाफ सदस्यलाई सिडिएससिले के कस्तो कारवाही गर्न सक्छ?**

राफसाफ सदस्यलाई सिडिएससिले देहाय बमोजिमको कारवाही गर्न सक्छः

(क) सचेत गराउने ।

(ख) सुधारात्मक कार्यका लागि निर्देशन दिने ।

(ग) राफसाफ तथा फछ्र्यौट कार्य गर्न रोक लगाउने ।

(घ) राफसाफ सदस्यता निलम्बन वा खारेज गर्ने ।

# ङ. जोखिम व्यवस्थापन

**४७. सिडिएससिले जोखिम व्यवस्थापन गर्न के कस्ता विधिहरूको प्रयोग गर्न सक्छ ?**

सिडिएससिले जोखिम व्यवस्थापनको लागि प्रयोग गर्न सक्ने विधिहरू निम्नानुसार छन्ः

(क) राफसाफ सदस्यबाट नगद धरौटी लिने ।

(ख) फछ्र्यौट ग्यारेण्टी कोष को व्यवस्था गर्ने ।

(ग) Delivery Vs Payment पद्धति बमोजिम मात्र रकम र धितोपत्रको फछ्र्यौट गर्ने ।

**४८. सिडिएससिले धितोपत्रको भित्री कारोबार, झुठो कारोबार र जालसाजी युक्त कारोबार भएको थाहा भएमा के कस्तो कारवाही गर्न सक्छ ?**

सिडिएससिले धितोपत्रको भित्री कारोबार, झुठो कारोबार र जालसाजी युक्त कारोबार भएको थाहा भएमा त्यस्तो कारोबारको राफसाफ तथा फछ्र्यौट निषेध गर्न सक्छ ।

**४९. सिडिएससिले अधिकार प्राप्त निकाय वा व्यक्तिबाट कारोबार राफसाफ तथा फछ्र्यौट रोक्का राख्न लेखी आएमा के कस्तो कारवाही गर्न सक्छ ?**

सिडिएससिले अधिकार प्राप्त निकाय वा व्यक्तिबाट कारोबार राफसाफ

तथा फछ्र्यौट रोक्का राख्न लेखी आएमा राफसाफ तथा फछ्र्यौट कार्य सरोकारवालाबाट फुकुवाको जानकारी प्राप्त नभए सम्म रोक्का राख्छ ।

**५०. सिडिएससिको सम्बन्धित पक्षहरूसँग विवाद उठेमा कसरी समाधान गर्छ ?**

सिडिएससिको सम्बन्धित पक्षहरूसँग विवाद उठेमा मध्यस्थता समिति गठन गरी विवाद समाधान गर्छ ।

# लगानीकर्ताले गर्न हुने र नहुने कुराहरू

## गर्न हुने



- क्रम संख्या र डिम्याट् खाता नम्बर पहिले नै छापिएका निर्देशन पुर्जी (Debit Instruction Slip – DIS) को पुस्तिका निक्षेप सदस्य (DP) बाट मात्र स्वीकार गर्नु पर्छ ।
- सबै विवरणहरू जस्तै धितोपत्रहरूको ISIN (अन्तर्राष्ट्रिय धितोपत्र परिचय नम्बर) सहि ढङ्गले उल्लेख गर्नु पर्छ । यस सम्बन्धमा कुनै गुनासो भएमा कृपया आफ्नो DP वा दलाल सदस्यलाई सम्पर्क गर्नु होला ।
- कृपया निर्देशन पुर्जी भर्ने बेलामा कुनै खाली ठाँउ भएमा धर्को तानिदिनु होला ।
- निर्देशन पुर्जी रद्द गर्नु वा सच्याउनु पर्ने भएमा खातावालाले निर्देशन पुर्जीमा हस्ताक्षर गर्नु पर्छ ।
- सबै किसिमका बजार कारोबारहरूको निर्देशन पुर्जी हस्तान्तरण मिति अगावै पेश गर्नु पर्छ । निर्देशन पुर्जी भावी जारी मितिमा पनि जारी गर्न सकिन्छ ।
- ठेगाना वा अन्य कुनै विवरण परिवर्तन गर्नु पर्ने भएमा आफ्नो DP लाई तत्कालै जानकारी दिनु पर्छ ।
- प्रमाणपत्रहरू अभौतिकीकरण गर्नका लागि पेश गर्ने निर्णय गर्नु अगाडि आफ्नो DP सँग सम्बन्धित निष्काशनकर्ताको अभौतिकीकरणको अवस्थाका बारेमा जाँच गर्नु पर्छ ।
- धितोपत्रहरू अभौतिकीकरणका लागि पेश गर्नु भन्दा अगाडि पेश गरिएका धितोपत्रहरूको सम्बन्धित क्रमसंख्याको अभिलेख राख्नु पर्छ ।

- आफ्नो DP लाई निर्देशन दिए बमोजिम आफ्नो स्वामित्व र कारोबारहरूको विवरण दुवै समयमा नै प्राप्त भएका छन् भन्ने कुरामा विश्वस्त हुनु पर्छ । आफ्नो कारोबारको विवरण प्रत्येक ३ (तीन) महिनामा आफ्नो DP बाट प्राप्त गर्नु हुन अनुरोध गरिन्छ ।
- डिम्याट् खाता विवरण प्राप्त भएपछि आफ्नो विवरण जाँच गर्नुहोला । यदि अनाधिकृत रूपमा आफ्नो खाताको मौज्दात घटाउने वा जम्मा (Debit or Credit) गर्ने गरेको तथ्य थाहा भएमा स्पष्टिकरणका लागि आफ्नो DP लाई सम्पर्क गर्नु होला । यदि सो समस्या DP बाट पनि समाधान नभएमा सोझै सिडिएससिमा सम्पर्क गर्नु होला ।

## गर्न नहुने

- आफ्नो निर्देशन पुर्जीको पुस्तिका अन्य कुनै व्यक्तिलाई नछोड्नु होला ।
- निर्देशन पुर्जी बाहक चेक (Bearer Cheque) सरह हुने भएकाले खाली निर्देशन पुर्जीमा हस्ताक्षर नगर्नु होला ।
- केरमेट गर्ने, रद्द गर्ने, गलत शब्दको प्रयोग गर्ने, नाम र धितोपत्रको परिमाण परिवर्तन गर्ने जस्ता कुराहरू सकेसम्म नगर्नु होला ।



- एक भन्दा वढी कम्पनीहरूको धितोपत्रहरू अभौतिकीकरणका लागि एउटै डिम्याट् अनुरोध फारम (DRF) प्रयोग नगर्नु होला ।

**तपाईंको डिम्याट् खाता संचालनमा हुने समस्याहरू समाधानका लागि माथि उल्लेखित निर्देशन सावधानीपूर्वक पालना गर्नु हुन विनम्र अनुरोध गरिन्छ ।**

# List Of Brokers

| Name of Brokerage Firm | Brokers No. |
|---|---|
| **1. Kumari Securities Service Pvt. Ltd.**<br>Dilli Bazar, Kathmandu | **1** |
| **2. Arun Securities Pvt. Ltd.**<br>Putalisadak, Kathmandu | **3** |
| **3. Opal Securities Pvt. Ltd.**<br>Putalisadak, Kathmandu | **4** |
| **4. Market Securities Exchange Co. Pvt. Ltd.**<br>Khichha Pokhari, Kathmandu | **5** |
| **5. Agrawal Securities Pvt. Ltd.**<br>Putalisadak, Kathmandu | **6** |
| **6. J F Securities Pvt. Ltd.**<br>Putalisadak, Kathmandu | **7** |
| **7. Aasutosh Brokerage & Securities Pvt. Ltd.**<br>Khichha Pokhari, Kathmandu | **8** |
| **8. Pragyan Securities Pvt. Ltd.**<br>Kamaladi, Kathmandu | **10** |
| **9. Malla & Malla Stock Broking Co. Pvt. Ltd.**<br>Dillibazar, Kathmandu | **11** |
| **10. Thrive Brokerage House Pvt. Ltd.**<br>Naxal, Kathmandu | **13** |

**11. Nepal Stock House Pvt. Ltd.** **14**
Anamnagar, Kathmandu

**12. Primo Securities Pvt. Ltd.** **16**
Putalisadak, Kathmandu

**13. ABC Securities Pvt. Ltd.** **17**
Indrachowk, Kathmandu

**14. Sagarmatha Securities Pvt. Ltd.** **18**
Putalisadak, Kathmandu

**15. Nepal Investment & Securities Trading Pvt. Ltd.** **19**
Bhimsengola, Kathmandu

**16. Sipla Securities Pvt. Ltd.** **20**
New Road, Kathmandu

**17. Midas Stock Broking Co. Pvt. Ltd.** **21**
kamaladi Chowk, Kathmandu

**18. Siprabi Securities Pvt. Ltd.** **22**
kamaladi Chowk, Kathmandu

**19. Sweta Securities Pvt. Ltd.** **25**
Putalisadak, Kathmandu

**20. Asian Securities Pvt. Ltd.** **26**
BaghBazar, Kathmandu

**21. Shree Krishna Securities Ltd.** **28**
Dharmapath, Kathmandu

**22. Trishul Securities & Investment Ltd.** **29**
Putalisadak, Kathmandu

**23. Premier Securities Co. Ltd.** **32**
Putalisadak, Kathmandu

**24. Dakshinkali Investment and Securities Pvt.Ltd.** **33**
Kathmandu Plaza, Kathmandu

**25. Vision Securities Pvt.Ltd.** **34**
Laxmi Plaza, Kathmandu

**26. Kohinoor Investment and Securities Pvt.Ltd.** **35**
Near Marcopolo Hotel, Kathmandu

**27. Secured Securities Pvt.Ltd.** **36**
Putalisadak, Kathmandu

**28. Swornalaxmi Securities Pvt.Ltd.** **37**
Behind City Center, Kathmandu

**29. Dipshikha Dhitopatra Karobar Co. Ltd.** **38**
Ranabhat Complex, Anamnagar, Kathmandu

**30. Sumeru Securities Pvt.Ltd.** **39**
Kathmandu

**31. Creative Securities Pvt.Ltd.** **40**
Putalisadak, Kathmandu

**32. Linch Stock Market Ltd.** **41**
New Baneshwor, Kathmandu

**33. Sani Securities Pvt.Ltd.** **42**
Jamal, Kathmandu

**34. South Asian Bulls Pvt.Ltd.** **43**
Kuleshwor, Kathmandu

**35. Dynamic Money Managers Securities Pvt.Ltd.** **44**
Kamal Pokhari, Kathmandu

**36. Imperial Securities Co. Pvt. Ltd.** **45**
Anamnagar, Kathmandu

**37. Kalika Securities Co. Pvt.** **46**
Next to Radhakuti Arched, Kathmandu

**38. Neev Securities Pvt.Ltd.** **47**
New Plaza, Kathmandu

**39. Trisakti Securities Pvt.Ltd.** **48**
Putalisadak, Kathmandu

**40. Online Securities Pvt.Ltd.** **49**
Bagbazar, Kathmandu

**41. Crystal Kanchanjangha Securities Pvt.Ltd.** **50**
New Plaza, Kathmandu

**42. Oxford Securities Pvt.Ltd.** **51**
Kalimati, Kathmandu

**43. Sundhara Securities Pvt.Ltd.** **52**
Sundhara, Kathmandu

**44. Investment Management Nepal Pvt. Ltd.** **53**
Tripureshwor, Kathmandu

**45. Sewa Securities Pvt.Ltd.** **54**
Kathmandu

**46. Bhrikuti Stock Broking Co. Pvt. Ltd.** **55**
New Road, Kathmandu

**47. Sri Hari Securities Pvt.Ltd.** **56**
Kamaladi, Kathmandu

**48. Aryatara Investment & Securities Pvt. Ltd.** **57**
Anamnagar, Kathmandu

**49. Nasa Securities Co. Ltd.** **58**
Kathmandu

# INTERNATIONAL RELATIONS

- World Forum of Central Securities Depositories (WFC)
- Asia-Pacific Central Securities Depository Group (ACG)
- Central Depository Services (India) Ltd.(CDSL)
- CMC Ltd.
- Associations of National Numbering Agencies (ANNA)



# हाम्रा अन्य प्रकाशनहरु

## १. डिपोजिटरीको बारेमा FAQ (नेपाली)

## २. डिपोजिटरीको बारेमा FAQ (अंग्रेजी)






# Get Connected with CDSC



4101593

4101597

cdscnp.com

CDSC

info@cdscnp.com

## CDS and Clearing Limited

Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal